मल्लरानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खलंगा प्यूठान

लुम्बिनी प्रदेश नेपाल

प. सं.

च. नं. १४००

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**मिति : २०७८।०१।१४ गते**

**विषय : कार्यपालिका निर्णयको प्रतिलिपि पठाईएको सम्वन्धमा ।**

**श्री वडा कार्यालय सवै ,**
**मल्लरानी गाउँपालिका, प्यूठान ।**

प्रस्तुत विषयमा यस मल्लरानी गाउँकार्यपालिकाको मिति २०७८।०१।१३ को ५१ औं गाउँकार्यपालिकाको बैठकको निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरि पठाईएको न्यहोरा अनुरोध छ । सो वैठकमा भएका निर्णयहरु कार्यान्वियन गर्नु गराउनुहुन अनुरोध छ ।

**वोधार्थ :**

श्रीमान् अध्यक्ष ज्यू, मल्लरानी गाउँपालिका, प्यूठान ।

बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**मिति २०७७।०१।१३ गतेको ५१ औं गाउँ कार्यपालिकाका प्रस्ताव तथा निर्णयहरु ।**

**प्रस्तावहरु :**

१. गाउँ कार्यपालिकाको ५० औं बैठकको समिक्षा सम्वन्धमा ।
२. मल्लरानी गाउँपालिका र अन्तरगतका वडाहरुमा दैनिक सेवा प्रवाहको विषयमा छलफल सम्वन्धमा ।
३. जग्गा प्राप्ती सम्वन्धमा।
४. कृषि विकास शाखा तर्फका कार्यक्रम संचालन सम्वन्धमा ।
५. भूमिहिन दलित तथा सुकुम्वासीहरुको समस्या समाधान सम्बन्धी कार्यक्रम संचालन सम्वन्धमा ।
६. अत्यावश्यक औषधी तथा स्वास्थ्य सामाग्री खरिद सम्वन्धमा ।
७. अर्थिक सहयोग सम्वन्धमा ।
८. विधुतीय हाजिरी प्रणाली निर्देशिका २०७८ छलफल सम्बन्धमा ।
९. रकमान्तर सम्वन्धमा ।
१०. शव व्यवस्थापन क्षेत्र तोक्ने सम्वन्धमा ।
११. योजनाको नाम संशोधन सम्वन्धमा ।
१२. वडागत योजनाहरुको अनुगमन तथा भुक्तानी सम्वन्धमा।
१३. जीवनशैली योगा तथा आयुर्बेद सेवा र औषधि खरिद सम्वन्धमा
१४. विविध ।

**निर्णयहरु :**

**निर्णय नं १ :** प्रस्ताव नं १ माथि छलफल गर्दा मल्लरानी गाउँकार्यपालिकाको मिति २०७७।१२।२९ गते बसेको ५० औं बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

- मल्लरानी गाउँपालिकाको संस्थागत क्षमता सुधार कार्ययोजना २०७७।०७८ वमोजिम जिम्मेवार निकाय / शाखाको तयारीका सम्वन्धमा छलफल गरियो र जिम्मेवारी तोकिएका निकाय/शाखा लाई तोकिएको समय सिमा भित्र कार्य गर्न निर्देशन दिने र सो को प्रगति र आगामि कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।
- भूमिहिन, दलित, सुकुम्वासी, तथा अन्यवस्थित बसोवासीहरुको पहिचान, लागत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने कार्यका लागि विवरण तयार तथा तथ्याङ्क संकलनका लागि गाउँपालिकामा ईकाई स्थापना गरियो, साथै सो सम्वन्धमा सूचना प्रसारणको लागि एफ.एम. रेडियो संग सम्झौता गरियो ।

**निर्णय नं २ :** मल्लरानी गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडाहरुमा दैनिक रुपमा भएको सेवा प्रवाहको विषयमा समिक्षा गरियो । यस गाउँपालिकाका विभिन्न शाखा तथा वडाका कार्यक्रमहरु तथा कार्यालयले सेवा प्रवाह गर्दा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनलाई उच्च प्राथमिकता दिने र वर्तमान समयमा नयाँ भेरियन्ट सहितको कोरोना भाईरसका कारण अत्यावश्यक काममा बाहेक कर्मचारीको विदा स्वीकृत नगर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो । गाउँपालिका तथा वडा कार्यालयहरु वाट सेवा प्रवाह गर्दा आफू सुरक्षित भई स्वास्थ्य सूरक्षाका मापदण्ड अपनाई गर्ने र स्वीकृत वार्षिक कार्यक्रमहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न पत्राचार निर्णय गरियो ।

**निर्णय नं ३ :** प्यूठान जिल्ला साविक खलंगा गा.वि.स वडा नं ३ हाल मल्लरानी गा.पा वडा नं ४ बस्ने श्री बिश्वनाथ श्रेष्ठले प्राथमिक स्वास्थ्य केन्द्र खलंगा प्यूठानलाई निजको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं २०३ र २०४ को जग्गा बाट १.५ रोपनी ( ७६३ वर्ग मिटर) उत्तर पूर्व दिशा तर्फको जग्गा निशुल्क दिन ईच्छुक रहेको भनि मिति २०७८।०१।१२ गते निवेदन पेश गरेकोले उक्त जग्गा प्राप्त गर्ने निर्णय गरियो र सो संग सम्वन्धित आवश्यक प्रक्रियाको लागि प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने निर्णय गरियो । साथै निजले निशुल्क उपलब्ध गराएको जग्गाको प्रचलित बजार मुल्य र क्षत्रफल खुल्ने गरी अस्पतालको प्राङ्गणमा शिलालेख राखिदिने र अस्पतालको औपचारिक उद्घाटनको समयमा सम्मानपत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं ४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा,

- संघीय शसर्त अन्तरगत स्थानीय तहमा विरुवा रोपण अभियान ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गर्न मिति २०७७।०८।३० गते र पुनः मिति २०७७।१०।२५ गते प्रकाशित सुचना अनुसार कार्यक्रममा आवद्धताको लागि प्राप्त तपसिलका आवेदकहरु संग कार्यक्रम संचालन कार्यविधी अनुसार सम्झौता गर्ने र बाँकी रकमबाट बर्षे सिजनमा लगाउने विरुवा माग संकलनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिलः

- सकृय युवा कृषि कृषक समुह मल्लरानी ३
- सूर्यविनायक कृषि तथा पशुपालन कृषि समुह मल्लरानी ४
- चुदरीखोला कृषि तथा पशुपालन कृषक समुह मल्लरानी १
- विरु तरकारी तथा फलफुल फर्म मल्लरानी ४
- सिरा बुढाथोकी कृषि तथा पशु फर्म मल्लरानी ५
- हाम्रो प्रयास पौडेल कृषि फर्म मल्लरानी २
- शिव दक्षिणकाली हरियाली कृषि तथा पशुपालन कृषक समुह मल्लरानी ४
- रोसन नकर्मी ड्रिम कृषि तथा पशुपालन फर्म वडा नं ४

- संघीय शसर्त कार्यक्रम तर्फ कृषक दर्ता व्यवस्थापनको लागि प्राप्त कार्यक्रम, कार्यक्रम संचालन कार्यविधी अनुरुप संचालन गर्न कृषि विकास शाखा र पशु सेवा शाखालाई जिम्मा दिने निर्णय गरियो ।
- संघीय शसर्त तर्फको कृषि तथा पशुपंक्षी सम्वन्धी सम्वन्धी तथ्याङ्क अध्यावधीक कार्यक्रम सम्वन्धी कार्यक्रम संचालनको लागि आवश्यक तथ्यांक सम्वन्धीत निकाय र स्थान बाट संकलन गरि अध्यावधिक गर्नका लागि कार्यक्रम संचालन कार्यविधी अनुरुप गर्न कृषि विकास शाखा र पशु सेवा शाखालाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ५ : भूमिहिन, दलित, सुकुम्वासी, तथा अव्यवस्थित बसोवासीहरुको पहिचान, लागत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने कार्यका लागि विवरण तयार तथा तथ्याङ्क संकलन गर्न गाउँपालिकाको बार्षिक स्वीकृत **कार्यक्रम खर्च शिर्षक** बाट रु.१,५०,०००।(एक लाख पचास हजार सम्मको सिमा भित्र रही रकम व्यहोर्ने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो र उक्त कार्यक्रमहरु तपसिलको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

| क्र सं | सहभागि हुने वडा | मिति, समय र स्थान |
|---|---|---|
| १ | वडा नं ४ र ५ | २०७८।०१।१७ गते, शिक्षा समन्वय ईकाईको सभाहल, खलंगा । |
| २ | वडा नं १,२ र ३ | २०७८।०१।१८ गते अमर मा.वि, चुँजा । |

निर्णय नं ६ : प्रस्ताव नं ६ माथि छलफल गर्दा,

- कोभिड १९ को संक्रमण बढेको अवस्थामा स्वास्थ्य सम्वन्धी मापदण्ड भित्र कार्यालयको दैनिक कामकाज गर्न आवश्यक तपसिलका सामाग्रीहरु ५ लाखको सिमा भित्र रहेर विपद व्यवस्थापन कोषबाट व्यहोर्ने गरि खरिद गर्ने निर्णय गरियो ।

तपसिल :

- मास्क
- स्यानिटाईजर
- पि पि ई
- ग्लोब्स
- फेस सिल
- गगल्स
- हेड क्याप

Scanned with CamScanner

➢ सुज कभर लगायत आवश्यक पर्ने अन्य औषधी तथा औषधी जन्य सामाग्री

- संघीय शसर्त अनुदान तर्फ आ.व २०७७।०७८ को स्वीकृत बजेटमा आधारभुत तथा आकस्मिक सेवाको लागि औषधी र स्वास्थ्य सामाग्री (PPE बाहेक) खरिद तथा औषधी सामाग्रीको ढुवानी तथा रिप्याकिङ र वितरण समेत शिर्षकमा रु. ११,५५,०००।(एघार लाख पचपन्न हजार) विनियोजन भएकोमा रु.५,००,०००।(पाँच लाख) बराबरको औषधी र स्वास्थ्य सामाग्री सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्न गाउँपालिकाको खरिद ईकाईलाई दिने निर्णय गरियो ।

निर्णय नं ७ : प्रस्ताव नं ८ माथि छलफल गर्दा,

- मल्लरानी गाउँपालिका वडा नं २ निवासी श्री जगत बहादुर रानाको छोरा विष्णु रानाको दुवै मृगौला खराब भई मृगौला प्रत्यारोपण गर्नुपर्ने भएकाले निजलाई सहयोग स्वरुप रु १२,०००।(बाह्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।
- दलित मुक्ति मोर्चा नेपालको पाँचौ राष्ट्रिय सम्मेलनका लागि सहयोग स्वरुप रु ७,०००।(सात हजार मात्र) सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं ०८</u> : प्रस्ताव नं ९ माथि छलफल गर्दा विधुतीय हाजिरी प्रणाली निर्देशिका २०७८ को मस्यौदामाथि छलफल गरियो साथै उक्त निर्देशिका आगामि बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं ०९** : मल्लरानी गाउँपालिकाको आ.व २०७७।०७८ को स्वीकृत बजेटमा कार्यालय तर्फ रहेका तपसिलका योजनाहरु रकमान्तर गर्ने निर्णय गरियो ।क

तपसिल :

| क्र सं | स्वीकृत बजेट शिर्षक र वडा नं | कुल बजेट | रकमान्तर हुने शिर्षक र वडा | रकमान्तर हुने बजेट |
|---|---|---|---|---|
| १ | चुँजाठाटी प्रहरी चौकी व्यवस्थापन, वडा नं ३ | १,००,०००। | खरिकापाटा दोभान चौरपानी लिफ्ट खा पा निर्माण , वडा नं ३ | १,००,०००। |
| २ | चुँजाठाटी प्रहरी चौकी व्यवस्थापन, वडा नं २ | १,००,०००। | | १,००,०००। |
| ३ | चुँजाठाटी प्रहरी चौकी व्यवस्थापन , वडा नं १ | ५०,०००। | | ५०,०००। |
| ४ | हरियापोखरी सिंचाई पोखरी तथा पाईप (३११५६) | ५५,०००। | | ५५,०००। |

<u>निर्णय नं १०</u> : कोभिड १९ संक्रमणका कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापनको लागि शव व्यवस्थापन क्षेत्र तोकी स्थानीय तहहरुले सो को जानकारी पठाउने भनि मिति २०७८।०१।१२ गतेको DCCMC को निर्णयानुसार वडाहरुलाई सम्भव भए सम्म शव बाहन पुग्न सक्ने स्थान तोकी सोको विवरण वडा समिति मार्फत ७ दिन भित्र गाउँपालिकालाई उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ११</u> : मल्लरानी गाउँपालिकाको आ.व २०७७।०७८ मा स्वीकृत बार्षिक बजेटमा वडा नं २ मा विनियोजित बजेट शिर्षक अमर मा.वि कक्षाकोठा मर्मत (बजेट रु २,५०,०००।) बाट शंसोधन गरि अमर मा.वि घेराबार गर्ने निर्णय गरियो ।

<u>निर्णय नं १२</u> : वडा कार्यालयहरुमा आ.व २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भई म्याद समाप्त भएका र कार्यसम्पन्न भईसकेका योजनाको फाईल संकलन गरी आवश्यक पर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी एकमुष्ठ रुपमा वडा कार्यालयले सात दिन भित्र योजना शाखामा पेश गर्न पत्राचार गर्ने । कोरोनाले निकट भविष्यमा पार्न सक्ने सम्भावित जोखिमलाई आकलन गर्दा आगामी दिनहरुमा असहज परिस्थिती हुन सक्ने भएको हुँदा सम्झौता भएका योजनाहरुलाई यथासक्य छिटो काम संचालन गर्न सम्वन्धित उपभोक्ता समितिहरु संग समन्वय गरि सो को विवरण सात दिन भित्र योजना शाखामा पेश गर्न पत्राचार गर्ने साथै हालसम्म सम्झौता हुन नसकेका / हुन नसक्ने योजनाहरुको विवरण सात दिन भित्र योजना शाखामा पेश गर्न पत्राचार गर्ने ।

Scanned with CamScanner

सुरक्षित नागरिक आवास कार्यक्रम र यस गाउँपालिकाको कृषि विकास शाखा र पशुसेवा शाखाले संचालन गरेको कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाइ उत्पादन सामाग्रीमा अनुदान अन्तरगत वडाहरुमा संचालन भएका योजनाहरुको सम्वन्धित वडा कार्यालयले अनुगमन गरि प्रतिवेदन र अनुगमन गर्दाका फोटाहरु सहित आवश्यक प्रक्रिया पुरा गरी फाइल गाउँपालिकामा पेश गर्ने ।

**निर्णय नं १३.** नेपाल सरकार बित्तिय समानिकरण शिर्षकमा बिनियोजित जीवनशैली योगा तथा आयुर्बेद सेवा र औषधि खरिद शिर्षकमा बिनियोजित भएको रु. ३०००००।- बिनियोजित भएको र हालसम्म कार्यक्रम संचालन नभएको र कोरोनाको महामारीको अबस्थामा योग शिबिर तथा गाउँघर जस्ता कार्यक्रमहरु संचालन गर्न नसकीने भएकोले सो बिनियोजित रकमबाट खरिद इकाई संग समन्वय गरि स्वास्थ्य शाखाले तपसिलका औषधिहरु गर्ने निर्णय गरियो।

- Avipattikar Churna
- Ashwagandha Churna
- Abhyarista
- Biwadichurna
- Chandra Prava Pati
- Chitrak Haritaki
- Chanda Nasi Churna
- Dashmularista
- Hing Wastakhurna
- Jatyadi Tail
- Kaam Dudharas
- Kaam Dudharas
- Laxmi Vilas Ras
- Mahayag Raj Guggul
- Mahasankha Vati
- Mahanaran Tail
- Pushyanug Churan
- Sirsuladhi Bajra Rus
- Sarpandhandha Vati
- Sitopaladi Churna
- Sankha Bhasma
- Sutsehar Rus
- Suddha Silajeet
- Sadbindu Tail
- Trifala Churna

<u>निर्णय नं १४ : प्रस्ताव नं १४ माथि छलफल गर्दा,</u>

- मल्लरानी गाउँपालिका वडा नं ४ स्थित प्राथमिक स्वास्थ्य केन्द्र खलंगा, लाई १५ शैयाको आधारभूत अस्पतालमा स्तरोन्नती गर्न तयार गरिएको Drawing स्वीकृतको लागि श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति, योजना तथा अनुगमन महाशाखा, रामशाहपथ, काठमाडौमा पत्राचार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

- हाल कोरोना भाईरसको संक्रमण फैलिरहेको अवस्थामा यस मल्लरानी गाउँपालिकाको अस्थायी कोरोना अस्पतालमा मेडिकल टिम वस्नुपर्ने भएकोले आवश्यक तपसिलका सामाग्रीहरु गाउँपालिकाको विपद् व्यवस्थापन कोष बाट खरिद ईकाई संग समन्वय गरी खरिद गर्ने निर्णय गरियो ।
  - फर्निचर
  - कपडा , पर्दा , कार्पेट
  - ग्यास चुलो तथा सिलिन्डर
  - भाँडाहरु

**उपयुक्त निर्णाय सहित आजको वैठक सम्पन्न गरियो ।**

Scanned with CamScanner